संघीय संसद
प्रतिनिधि सभा
एघारौं अधिवेशन
बैठक संख्या - ५२

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल साउन २४ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा बिहान ११:२० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै निम्नलिखित मा० सदस्यहरुले पर्वत जिल्लामा विद्युत प्राधिकरणको असावधानीका कारण ११ के.भी.ए. को विद्युत गाउँभरी प्रसारण हुँदा ५० वर्षीय सीता के.सी. को मृत्यु र १३ जना व्यक्तिहरु घाइते हुनुका साथै अन्य क्षति समेत भएकोले सरकारले उचित क्षतिपूर्तिको प्रबन्ध गर्नुपर्ने, राजपत्राङ्कित र राजपत्र अनङ्कित कर्मचारीहरुलाई गरिन लागेको असमान तलब बृद्धिले तल्लो तहका कर्मचारीहरु आन्दोलित भएका, सरकारले हालसम्म संघीय निजामति सेवा विधेयक नल्याएको कारण कर्मचारी व्यवस्थापनमा विविध समस्या उत्पन्न भएको, हरेक वर्ष आउने सप्तकोशीको बाढीको सम्बन्धमा पूर्व तयारी नगरिएकोले नागरिकले दु:ख पाइरहेको, काठमाडौं उपत्यकामा फोहोर व्यवस्थापनको लागि महानगर र संघले मिलेर समयमा व्यवस्थापन गर्नुपर्ने, दलित समुदायका व्यक्तिको अपमान हुने गरी दिएको नागरिकता प्रमाणपत्रमा सुधार गर्नुपर्ने लगायतका विषयहरुमा ध्यानाकर्षण गराउनु भयो ।

१. मा० श्री पदम गिरी
२. मा० श्री हृदयेश त्रिपाठी
३. मा० श्री निरा देवी जैरु

त्यसपछि शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री अञ्जना विसंखे
२. मा० श्री अतहर कमाल मुसलमान
३. मा० श्री अमृता थापा
४. मा० श्री आशा कुमारी वि.क.
५. मा० श्री ईन्दु कुमारी शर्मा
६. मा० श्री उमाशंकर अरगरिया
७. मा० श्री एकवाल मियां
८. मा० श्री कु. तुल्सी थापा
९. मा० श्री कुमारी मेचे
१०. मा० श्री कृष्णगोपाल श्रेष्ठ
११. मा० श्री कृष्णप्रसाद दाहाल
१२. मा० श्री कृष्ण बहादुर राई
१३. मा० श्री केदार सिग्देल
१४. मा० श्री खगराज अधिकारी
१५. मा० श्री खेम प्रसाद लोहनी
१६. मा० श्री गणेश प्रसाद पहाडी
१७. मा० श्री गंगा बहादुर तामाङ
१८. मा० श्री चाँदतारा कुमारी

तत्पश्चात सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाज्यूको नेतृत्वमा मिति २०७८/३/२९ गते गठित मौजुदा मन्त्रिपरिषद्मा नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिशमा श्री जनार्दन शर्मालाई मन्त्री पदमा नियुक्त गरी हाल सम्माननीय प्रधानमन्त्रीज्यूले सम्हाली आउनुभएको अर्थ मन्त्रालयको कार्यभार सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

(यादवप्रसाद कोइराला)
सचिव

मिति : २०७९/४/२३

त्यसपछि सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७२ बमोजिम गठित प्रतिनिधि सभा अन्तर्गतको विभिन्न समितिहरुमा निम्नलिखित मा० सदस्यहरुको नाम थप तथा हेरफेर गर्न सभाको सहमतिको लागि प्रस्ताव गर्नुहुँदा सभाले सहमति जनायो ।

| क.सं. | मा० सदस्यको नाम | सम्बन्धित समिति |
|---|---|---|
| १. | मा० श्री रामकुमारी झांक्री | अर्थ समिति |
| २. | मा० श्री कृष्ण कुमार श्रेष्ठ | राज्य व्यवस्था तथा सुशासन समिति |
| ३. | मा० श्री विरोध खतिवडा | सार्वजनिक लेखा समिति |
| ४. | मा० श्री धनबहादुर बुढा | सार्वजनिक लेखा समितिबाट शिक्षा तथा स्वास्थ्य समितिमा |

तदुपरान्त मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला)ले नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयबाट जारी भएको बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ४२ बमोजिमको बाधा अड्काउ फुकाउ आदेश सदन समक्ष पेश गर्नुभयो ।

तत्पश्चात प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ७२ बमोजिम ध्यानाकर्षण प्रस्तावका प्रस्तावक मा० श्री विन्दा पाण्डेले "दोस्रो जनआन्दोलन २०६२/०६३ ले स्थापित गरेको समावेशी समानुपातिक सहभागिताको विषयलाई नेपालको संविधानले पनि स्वीकार गरेको परिवेशमा संविधान कार्यान्वयनमा आएको ६ वर्ष वितिसक्दा पनि महिलाको उल्लेखनीय सहभागिता नभएकोले आगामी प्रदेश सभा र संघीय संसदको निर्वाचनमा महिलाको समानुपातिक सहभागिता गराउन आवश्यक भएकोले" भन्ने सम्बन्धी सार्वजनिक महत्वको विषयमाथि मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्रीको ध्यानाकर्षण गराउनु भयो ।

त्यसपछि मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला)ले उक्त ध्यानाकर्षणको सम्बन्धमा जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले ध्यानाकर्षण प्रस्ताव दर्ता गर्दा स्पष्टिकरण माग गर्ने सदस्यले हस्ताक्षर गर्नुपर्ने व्यवस्था प्रतिनिधि सभा नियमावलीमा रहेको र प्रस्तुत प्रस्तावमा स्पष्टिकरणकर्ताको हस्ताक्षर नरहेकोले यस प्रस्तावमा अन्य सदस्यले बोल्ने प्रावधान नरहेको जानकारी गराउनु भयो ।

तदुपरान्त प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ७१ बमोजिम जरुरी सार्वजनिक महत्वको प्रस्तावका प्रस्तावक मा० श्री अमृता थापाले "नेपालको संविधानले सम्बोधन गरेको समानुपातिक समावेशी सहभागिताको विषयलाई सुनिश्चितताको लागि संघीय संसद र प्रदेश सभाको निर्वाचनमा पहिलो हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली दुवैमा महिला र पुरुषको समान संख्यामा प्रतिनिधित्व गराउन हाल निर्वाचन आयोगबाट निर्वाचन सम्बन्धी कानून संशोधनको एकीकृत मस्यौदा तयारीको लागि विभिन्न क्षेत्रबाट सुझाव संकलन गरेकोले प्रतिनिधि सभामा समेत यस विषयमा छलफल गरी संघीय संसदको प्रतिनिधि सभा र प्रदेश सभाको पहिलो हुने निर्वाचन प्रणाली अन्तरगत प्रत्येक दलले जनसंख्याको आधारमा समानुपातिक समावेशी प्रतिनिधित्व बमोजिम महिला उम्मेदवारी दिनुपर्ने, स्थानीय तहको निर्वाचनका विभिन्न पदमा हरेक दलले कम्तिमा पचास प्रतिशत महिला उम्मेदवारी दिनुपर्ने र वडा तहमा दलित महिलाको उम्मेदवारी नपरेमा अल्पसंख्यक वा सीमान्तकृत वा अरु कुनै समुदायबाट महिलाको उम्मेदवारी आह्वान गर्ने व्यवस्था गर्न अत्यावश्यक भएकोले" भन्ने सम्बन्धी जरुरी सार्वजनिक महत्वको प्रस्ताव प्रस्तुत गर्दै संक्षिप्त वक्तव्य दिनुभयो ।

तत्पश्चात उक्त प्रस्तावका समर्थक निम्नलिखित मा० सदस्यहरुले प्रस्तावको समर्थन गर्दै छलफलमा भाग लिनुभयो :-

१. मा० श्री लक्ष्मी परियार
२. मा० श्री लक्ष्मी कुमारी चौधरी
३. मा० श्री चन्दा चौधरी
४. मा० श्री रंगमती शाही
५. मा० श्री विना देवी बुढाथोकी
६. मा० श्री लीला देवी सिटौला
७. मा० श्री रेखा शर्मा
८. मा० श्री यशोदा गुरुङ्ग सुवेदी
९. मा० श्री रेनुका गुरुङ्ग
१०. मा० श्री प्रमिला राई
११. मा० श्री पार्वती कुमारी विशुन्के

त्यसपछि उक्त प्रस्तावमाथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री निरुदेवी पाल
२. मा० श्री खगराज अधिकारी
३. मा० श्री सत्य पहाडी
४. मा० श्री दिव्यमणि राजभण्डारी
५. मा० श्री विमला विश्वकर्मा
६. मा० श्री गणेश कुमार पहाडी
७. मा० श्री नारायण प्रसाद खतिवडा
८. मा० श्री विद्या भट्टराई
९. मा० श्री कु. तुल्सी थापा
१०. मा० श्री रामकुमारी चौधरी
११. मा० श्री पवित्रा निरौला (खरेल)
१२. मा० श्री बिमला बि.क.
१३. मा० श्री आशा कुमारी वि.क.
१४. मा० श्री सरिता कुमारी गिरी
१५. मा० श्री तेजुलाल चौधरी
१६. मा० श्री मन कुमारी जी. सी.
१७. मा० श्री मैना कुमारी भण्डारी
१८. मा० डा० डिला सँग्रौला (पंत)
१९. मा० श्री पार्वता डि.सी. (चौधरी)
२०. मा० श्री अञ्जना विसंखे
२१. मा० श्री कमला रोका
२२. मा० श्री दुर्ग बहादुर रावत
२३. मा० श्री मानबहादुर विश्वकर्मा
२४. मा० श्री नविना लामा
२५. मा० श्री चाँदतारा कुमारी
२६. मा० श्री निरादेवी जैरु
२७. मा० श्री दिल कुमारी
२८. मा० श्री प्रेम सुवाल
२९. मा० श्री हितबहादुर तामाङ
३०. मा० श्री महेश बस्नेत
३१. मा० श्री सत्यनारायण शर्मा खनाल
३२. मा० श्री राजेन्द्र कुमार के.सी.
३३. मा० श्री रामबहादुर विष्ट
३४. मा० श्री दुर्गा कुमारी वि.क.
३५. मा० श्री सरला कुमारी यादव
३६. मा० श्री महेन्द्र कुमारी लिम्बु
३७. मा० श्री विमला नेपाली
३८. मा० श्री सुदन किरांती
३९. मा० डा० पुष्पा कुमारी कर्ण कायस्त
४०. मा० श्री वर्षमान पुन
४१. मा० श्री यज्ञराज सुनुवार
४२. मा० श्री प्रकाश रसाईली (स्नेही)
४३. मा० श्री शक्ति बहादुर बस्नेत
४४. मा० श्री कृष्णभक्त पोखेल
४५. मा० श्री मीना सुब्बा
४६. मा० श्री घनश्याम खतिवडा
४७. मा० श्री विना कुमारी श्रेष्ठ
४८. मा० श्री सुजाता परियार
४९. मा० श्री रामकुमारी झांक्री
५०. मा० श्री मायादेवी न्यौपाने
५१. मा० श्री बहादुर सिंह लामा (तमाङ)
५२. मा० श्री शान्ता चौधरी

तदुपरान्त मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला)ले उक्त प्रस्तावमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०७९ साल साउन २५ गते बुधबार दिनको १:०० बजे बस्नेगरी आजको बैठक अपरान्ह ६:१० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव